युरोपको नेपालीपत्र
**Europe Ko Nepalipatra**
**Company Reg. No. : 05770592**
Address for Correspondence :
3rd floor, Alperton House
Bridgewater Road
Wembley, Middlesex
HA0 1EH

Phone : +44(0)208 305 8694
Fax : +44(0)203 051 1615
Email : info@nepalipatra.net

**Managing Director** : Rajen Kandel
**Editor in Chief** : Dr. Chandra Laksamba
**Editor** : Nabin Pokharel
**Graphic Designer** : Ramesh Paudel
**Webmaster** : Robin Dangol

**Nepal Bureau** :
**Ass. Editor** : Bhojraj Bhat

**Reporters :**
**West Midland :** Tanka wanem, Devendra maden
**Folkestone :** Naresh Kangmang, Bhumiraj Rai
**East London :** Manish Shrestha
**Wales :** Indra Prashad Gurung, Ramesh Sambahamphe
**Southwest UK :** Mijash Tembe
**Denmark :** Prakash Dhakal
**Belgium :** Mahesh Thapa, Saiman Ale

## सम्पादकीय

# प्रधानमन्त्रीको भारत भ्रमण

**चारदिने चीन भ्रमणले ल्याएको तरङ नसेलाउँदै प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) आफ्नो पहिलो राजनीतिक भ्रमणका रूपमा भदौंको अन्तिमतिर भारत जाने निश्चित भएको छ । तर, प्रधानमन्त्री भएपछि दाहालको यो पहिलो भ्रमणचाहिं होइन । उनको चीन भ्रमणले नेपालको कूटनीतिक क्षेत्रमा ठूलो खैलाबैला मच्चियो पनि । प्रधानमन्त्रीले पहिला भारत भ्रमण गरेर अन्य देश जाने कूटनीतिक परम्पराको क्रमभंग आफैंमा महत्वपूर्ण थियो । त्यस भ्रमणले संशकित दक्षिण छिमेकी मुलुक भारत जान प्रधानमन्त्री दाहाल हतारिएकै हुन् । किनभने, सेप्टेम्बर २३ मा हुन लागेको संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन उनी अमेरिका जाँदैछन् ।**

**प्रधानमन्त्री दाहाल आफैं भारतीय सक्रियतामा १२ बुँदे दिल्ली सम्झौता गरी शान्ति प्रक्रियामा माओवादीलाई सघाएको स्वीकार्न हिच्किचाउँदैनन् । तर, उनले चीन भ्रमण गरेर भारतसँग नेपालको सम्बन्ध विशेष होइन चीन र भारत समदुरीमा रहन्छ भन्ने संकेत गरेका हुन सक्छन् । तर, समदुरीको सम्बन्ध हाम्रो भौगोलिक, सांस्कृतिक र आर्थिक सम्बन्धका कारण पनि सफल हुन सक्दैन । तर, त्यसको अर्थ नेपालको समान अधिकार प्राप्तिलाई आत्मसमर्पण गरेर भारतीय बढी स्वार्थहित हुने गरी सन्धि सम्झौता गर्ने होइन । माओवादी अहिले सबैभन्दा ठूलो पार्टी हो र सरकारको नेतृत्व माओवादीका अध्यक्षले गरेका छन् । त्यसैले आवेशमा कसैलाई चिढ्याउने र कसैको हस्तक्षेप निम्त्याउने कूटनीतिक खेलमा लाग्नु अपरिपक्वता ठहरिन्छ ।**

**सन् ६० को जवाहरलाल नेहरुको राजनीतिक सोच र अहिलेको मनमोहन सिंहको आर्थिक कूटनीतिमा आकाश-जमिनको फरक छ । तर दाहाल सरकार नयाँ नेपालको निरर्थक शब्दजालमा अल्झिएको छ । यसले गर्दा नेपालको सौदावाजी गर्ने क्षमता ह्वात्तै घटिरहेको छ । ६० को दशकमा चिनियाँ प्रभावले भारतीय दबाब क्षमतालाई सङ्कुचित पारेको थियो भने अहिले महाशक्ति अमेरिकाको दक्षिण एसियामा दरिलो उपस्थितिले गर्दा भारतका नीतिनिर्माताहरु छरछिमेकका मुलुकहरुमा मनपरी गर्न सक्दैनन् ।**

**प्रधानमन्त्री प्रचण्ड आफ्नो भारत भ्रमणप्रति उत्साहित छन् । उनी आफ्नो भ्रमण सफल हुनेमा पनि शतप्रतिशत ढुक्क देखिन्छन् । तर, यतिबेला भारतीय लापरबाहीका कारण पूर्वी नेपालका हजारौं जनता बेघरबार भएका छन् र डुबान समस्या भोग्दैछन् । दाहालको भ्रमणमा कोसी डुबानको मुद्दा जल्दोबल्दो छ । यसलाई दुवै देश मिलेर कोसी डुबान लगायत मुद्दाको दीर्घकालीन समाधान खोज्ने रणनीति नै उचित हो । त्यसो त यसपटक १९५० को सन्धि पुनरावलोकनको मुद्दा, तयारी पोशाकमा भंसार दर वृद्धिलगायतका मुद्दा पनि आउने सम्भावना छ । भारत भ्रमणको सफलता र असफलताको मापन परिपक्व कूटनीतिक क्षमतामा नै निर्भर छ ।**

# एनआरएन युरोप भेलाको समीक्षा



● डा. हेमराज शर्मा

**विभिन्न परिस्थितिले भारतीय राहदानी लिएका नेपालीहरुको पनि एनआरएन अभियानमा महत्वपूर्ण योगदान हुने भएकाले यस्ता नेपालीहरुलाई पनि एनआरएनको परिभाषामा समेट्न सरकारलाई अनुरोध गर्नुपर्छ ।**

**गैरआवासीय** नेपाली संघ (एनआरएन) का राष्ट्रिय समन्वय परिषदहरू (एनसीसी) तथा अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी) का सदस्यहरूको दोस्रो संयुक्त भेला केही समय पहिले बेल्जियमको आन्टवेरपेनमा सम्पन्न भएको थियो । युरोपका २१ देशमा स्थापित राष्ट्रिय समन्वय परिषदहरूमध्ये १६ देशका प्रतिनिधि तथा पर्यवेक्षकहरूको उपस्थिति रहेको भेला गत वर्ष लण्डनमा सम्पन्न प्रथम भेलाको निरन्तरता थियो ।

सशस्त्र जनयुद्धकालमा युरोप भित्रिएर शरणार्थीका रुपमा रहेका नेपालीहरूका समस्या, नेपाली दूतावासमा राहदानी वितरणमा हुने गरेका ढिलासुस्ती र अनियमितता, भूतपूर्व गोर्खा सैनिकहरूको समान अधिकार र पेन्सनको समस्या, दोहोरो नागरिकता आदि युरोपका प्रचलित समस्याहरू यस भेलामा पनि उठे । मे महिनामा सम्पन्न आईसीसी बैठकमा एनसीसीले सदस्यता शुल्कबाट प्रति सदस्य तीन अमेरिकी डलर बराबरको रकम आईसीसीमा पठाउनुपर्न निर्णय गरेको थियो । यस अगाडि एनसीसीले सदस्यता शुल्क आफै निर्धारण गरी यसको २५ प्रतिशत केन्द्रमा पठाउने व्यवस्था थियो ।

सदस्यतासम्बन्धी नयाँ व्यवस्थाले एनसीसी निर्वाचनलाई व्यवस्थित गर्न र काठमाडौस्थित एनआरएन सचिवालय संचालनमा आर्थिक सहयोग हुने विश्वास गरिएको छ । यसअघि कतिपय एनसीसीले निर्धारण गरेको शुल्क अत्यन्तै न्युन भएकाले निर्वाचनबाट प्रेरित भएर वा निर्वाचनलाई प्रभाव पार्न किसिमले सदस्यता वितरण गर्नसक्ने संभावना थियो । नयाँ व्यवस्थाले यस्ता संभावनालाई न्युन गर्नेछ । युरोपका देशमा सदस्यता शुल्क कम भएको विगतको असुहाउँदो स्थिति अब रहने छैन । सदस्यता नवीकरण बैंकक बैठकले एनसीसीलाई प्रत्येक दुई वर्षमा अनिवार्य रुपमा सदस्यता नवीकरण गर्न निर्देशन गरेको छ ।

यस्तो बाध्यात्मक व्यवस्था नभएकाले केही एनसीसीहरूले सदस्यता नवीकरण गर्न नपर्ने निर्णय गरेका थिए । सदस्यता नवीकरण नगर्दा केही वर्ष पछाडि दसौ हजार सदस्यहरू पुग्ने (खासगरी बेलायत बेल्जियम जस्ता धेरै सदस्य भएका देशमा) र साधारणसभा सम्पन्न गर्न गणपूरक संख्या पुऱ्याउन नसक्ने जस्ता आधारभूत समस्या पर्ने देखिन्छ । साथै यसले आईसीसी नेतृत्व चयनमा पनि प्रभाव पार्नेछ । अध्यक्षलगायतका आईसीसीका पदाधिकारीहरू हरेक एनसीसीले छानेका प्रतिनिधिहरूबाट निर्वाचित हुने व्यवस्था छ । यस्ता प्रतिनिधिहरूको संख्या एनसीसीमा रजिस्ट्रर भएका सदस्यमा आधारित हुन्छ (दस रजिस्ट्रर सदस्य बराबर एक अधिवेशन प्रतिनिधि) ।

यसै गरी हरेक देशबाट आईसीसीमा प्रतिनिधित्व गर्न सदस्यहरूको संख्या पनि रजिस्ट्रर सदस्यहरूमा आधारित हुन्छ । एक हजार रजिस्ट्रर सदस्यहरू बराबर एक आईसीसी सदस्य हुने व्यवस्था छ । (एक देशबाट बढीमा पाँच सदस्य भन्दा बढी नहुने व्यवस्था हुनुपर्ने छलफलमा आए पनि विधानमा समावेश हुन सकेको छैन) । त्यसैले आईसीसी पदाधिकारीको चयनमा कुनै निश्चित देशको प्रभाव नहुन दिनको लागि हरेक देशमा सदस्यहरूको आवधिक तथ्यांक राख्नु जरुरी हुन्छ । सदस्यतासम्बन्धी नयाँ व्यवस्थाले सबैभन्दा बढी प्रभाव एनआरएन बेलायतलाई परेको छ किनभने एनआरएन बेलायतका हालसम्मका सम्पूर्ण सदस्यहरू आजीवन सदस्य रहेका छन् र एकपटक आजीवन सदस्य भएकाहरूलाई पुनः शुल्क दिन आग्रह गर्नु अव्यवहारिक हुनेछ ।

यस समस्यालाई एनसीसी बेलायतले बेल्जियम भेलामा उठाइसकेको छ र एनसीसीबाट औपचारिक पत्र प्राप्त भएपछि आईसीसीले यस बिषयमा उचित निर्णय गर्न अपेक्षा गरिएको छ । तर, अब उपरान्त बन्ने सदस्यहरूको हकमा भने आईसीसीको निर्णयबमोजिम नयाँ शुल्क निर्धारण गरी सार्वजनिक सूचना गर्न एनसीसी बेलायतले ढिला गर्न हुँदैन । साथमा पहिले बनिसकेका आजीवन सदस्यहरूको निशुल्क नवीकरण गरी आवधिक अभिलेख राख्नु पर्छ । संघको आर्थिक स्रोत एनआरएनले संस्था संचालन गर्न हालसम्म कुनै रकम संकलन गरेको छैन ।

आईसीसी सदस्यहरूबाट प्राप्त लेवी तथा सहयोग, सम्मेलन सौजन्यहरूबाट प्राप्त रकम आदिबाट काठमाडौस्थित सचिवालयको मसलन्द, बेतन आदि चलेको छ भने नेपाल उद्योग वाणिज्य महासंघले कार्यालय भवन प्रदान गरेको छ । संघलाई आवश्यक पर्ने नियमित आयस्रोत जुटाउन काठमाडौमा एनआरएन भवन निर्माण गर्न परियोजना प्रस्ताव गरिएको छ ।

भवन निर्माणका लागि आवश्यक पर्न सम्पूर्ण रकम इच्छुक व्यक्ति वा संस्थाबाट उठाउने र तिनकै नाममा भवनको नामकरण गरिदिने तर त्यस्तो व्यक्ति वा संस्था नभेटिएमा अध्यक्ष डा उपेन्द्र महतोले ब्यक्तिगत रुपमा सहयोग गर्न तथा भवन निर्माणका लागि जग्गाको बन्दोबस्त गर्न भने एनसीसीहरूलाई आह्वान गरिने घोषणा भएको छ । जग्गाका लागि नेपाल सरकारलाई अनुरोध गर्नुपर्न कुरा केही सदस्यहरूले बैंकक र बेल्जियम बैठकमा उठाएका थिए । तर, यसो गर्दा एनआरएनले राष्ट्रलाई केही दिनुको सट्टा राष्ट्रबाट लिन खोजेको सन्देश जाने भएकाले यस प्रस्ताव हाललाई अस्विकार गरिएको छ । भवन निर्माण परियोजना सम्पन्न हुने समयसम्मका लागि सदस्यता शुल्कबाट प्राप्त रकमले सचिवालय संचालनमा मद्दत गर्न निश्चित छ ।

एनसीसी निर्वाचन (राष्ट्रिय अधिवेशन गत साल अक्टोवरमा काठमाडौमा सम्पन्न तेस्रो एनआरएन विश्व सम्मेलन (अन्तर्राष्ट्रिय अधिवेशन) बाट पारित विधानले आईसीसीका सदस्यहरूको निर्वाचनको नयाँ व्यवस्था गरेको छ । जसअनुसार आईसीसी सदस्यहरू सम्बन्धित देशको अधिवेशनबाट चुनिने छन् र यो अधिवेशन अन्तर्राष्ट्रिय अधिवेशन गर्दा बढीमा ६ महिनाभित्र (अप्रिलदेखि सेप्टेम्वरसम्म) सम्पन्न हुनुपर्नेछ । यसपूर्व एनसीसीले आईसीसीको सदस्य छनोट गर्थे भने सुरुसुरुमा विश्व सम्मेलनमा उपस्थित संबन्धित देशका सहभागीले चुन्थे । आईसीसी सदस्य चुन्नका लागि हुने अधिवेशनले नै एनसीसीका पदाधिकारीहरूको पनि चयन गर्नुपर्न विधानमा व्यवस्था छ ।

यस ब्यवस्थाले तेस्रो विश्व सम्मेलनपछि निर्वाचित भएका एनसीसीले आफ्नो दुई वर्ष कार्यकाल पूरा गर्नुपूर्व नै अर्को अधिवेशन गर्नुपर्न भएको छ । यसप्रति भेलामा केही एनसीसीले गुनासो गर्दै र एनसीसीको अधिवेसन पूर्वनिर्धारित समयमा र आईसीसीको सदस्यको निर्वाचन विश्व सम्मेलनपूर्व गर्नुपर्ने प्रस्ताव गरे । एनसीसीका पदाधिकारी र आईसीसी सदस्यको छुट्टाएर छुट्टै निर्वाचन गर्दा एनसीसीको अधिकांश समय निर्वाचनको तयारीमा नै खर्च हुनेछ । बेलायत, बेल्जियम जस्ता हजारौ सदस्य भएका एनसीसीलाई छुट्टाछुट्टै निर्वाचन गराउन आर्थिक र ब्यवस्थापकीय दुवै हिसाबले चुनौतीपूर्ण हुनेछ । यस्तो चाहना एनसीसी पदाधिकारीले राखे पनि यसलाई साधारण सदस्यहरूले प्रसंशा नगर्न सक्छन् किनभने स्वाभाविक रुपमा आफूले तिरेको सदस्यता शुल्क निर्वाचनमा भन्दा अन्य रचनात्मक काममा खर्च होस् भन्ने चाहना सदस्यहरूको हुन्छ ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार एनआरएनले स्थापित गरेको परिभाषा विपरीत नेपाल सरकारले दुई वर्षभन्दा बढी विदेशमा बसेकाहरूलाई एनआरएनको परिभाषा दिएर अल्पकालीन रोजगारीमा जाने बहुसंख्यक नेपाली कामदारलाई र विद्यार्थीलाई एनआरएनबाट अलग राखेको छ । एनआरएनले प्रचलनअनुसार १८२ दिनभन्दा बढी विदेशमा बसेका सम्पूर्ण नेपालीहरूलाई एनआरएनको मान्यता दिनुपर्न अडान लिदै आएको छ, जुन कुरा तेस्रो विश्व सम्मेलनबाट पारित भएको थियो । नयाँ सरकार एनआरएनको मागप्रति सकारात्मक भएकाले १८२ दिनको परिभाषालाई स्थापित गर्ने अपेक्षा गरिएको छ । तर यसो भएन भने दुई बर्ष परिभाषाअनुसार सस्र्था दर्ता गर्ने वा नगर्ने भन्ने निर्णय गर्न चौथो विश्व सम्मेलन कुर्नै पर्नेछ । किनभने विधानसँग जोडिएको यस विषय निर्णय गर्न आईसीसीले सक्ने छैन ।

एनआरएनको परिभाषा भारतलगायतका दक्षिण एशियाली राष्ट्रको राहदानी लिएर दक्षिण एशियाबाहेकका अन्य राष्ट्रमा कार्यरत नेपालीहरू एनआरएनको परिभाषा अन्तर्गत पर्छन् वा पर्दैन भन्ने बिषय पनि बेल्जियम भेलामा उठ्यो । एनआरएनको विधानले यस्ता नेपालीहरूलाई एनआरएनको सदस्य बन्न अयोग्य ठहर गरेको छैन भने नेपाल सरकारको एनआरएन विधयेकमा यस्ता नेपालीहरूलाई एनआरएन नमान्ने स्पष्ट गरेको छ । तर नेपाल सरकारको विधयेक मान्न अहिले एनआरएनएलाई बाध्यात्मक परिस्थिति छैन ।

विभिन्न परिस्थितिले भारतीय राहदानी लिएका नेपालीहरूको पनि एनआरएन अभियानमा महत्वपूर्ण योगदान हुने भएकाले यस्ता नेपालीहरूलाई पनि एनआरएनको परिभाषामा समेट्न सरकारलाई अनुरोध गर्नुपर्छ । अर्को देशको नागरिकता लिएको आधारमा नै सच्चा नेपालीलाई एनआरएन नमान्ने हो भने संघले उठाउँदै आएको दोहोरो नागरिकताको मर्मविपरीत हुनेछ । एक पटकको नेपाली सधैंको नेपाली भन्ने भावना नै गैरआवासीय नेपाली अभियानको मूल मन्त्र हुनुपर्छ । आईसीसी परियोजना(विविध तेस्रो विश्व सम्मेलनले हरेक राष्ट्रिय समन्वय परिषदलाई एकएक वटा च्यारिटी परियोजना संचालन गर्न दिएको निर्देशनअनुरुप जर्मनी, बेलायत र अष्ट्रिया एनसीसीले नेपालमा परियोजना लागू गर्ने घोषणा गरे । जर्मनीले मनाङमा अस्पताल, अष्ट्रियाले शिक्षातर्फ र बेलायतले पाँच हजार पाउण्ड बराबरको एक उपयुक्त परियोजना गर्ने भएका छन् ।

यसै कार्यक्रमअन्तर्गत अष्ट्रेलियाले सिन्धुली क्याम्पसमा पुस्तलकालय निर्माण गर्ने निर्णय गरेको छ भने रसियाले सिन्धुपाल्चोक जिल्लामा विद्यालय निर्माण र महावीर पुनबाटा संचालित गाउँगाउँमा कम्प्युटर कार्यक्रमलाई सहयोग गरिसकेको छ । यीबाहेक एनआरएनलाई दोहोरो नागरिकता दिन देखा परेका कानुनी अप्ठेराहरू, एनआरएन महिला संजाल, पर्यटन बोर्डबाट संचालित सेन्ड होम अ फ्रेन्डमा एनआरएनको भूमिका आदि बिषयमा मनग्य छलफल भयो ।

भेलाले भूतपूर्व गोर्खा सैनिकहरूको समान अधिकार र पेन्सनका लागि गर्दै आएको आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गर्दै आवश्यक सहयोग गर्ने प्रतिबद्धता गरेको थियो । यसै क्रममा आगामी अक्टोबरमा एनआरएन दिवसको अवसरमा गैरआवासीय नेपाली संघको एउटा उच्चस्तरीय टोलीले विभिन्न सरकारी निकायसँग भेट गरी दोहोरो नागरिकताको विषयमा गम्भीर हुन आग्रह गर्ने निर्णय गरेको छ । सारांशमा एनआरएन अभियानमा देखिएका संभावना र चुनौतीको समीक्षा गर्न तथा युरोपमा बसोबास गर्दै आएका नेपालीहरूबीच संजाल विस्तार गर्न र आपसी एकताको अभिवृद्धि गर्न भेला उपलब्धिमूलक रह्यो । ●

*(लेखक आरएनएनका अन्तराष्ट्रिय समन्वय परिषद् का सदस्य तथा विधान समितिका सदस्य हुन् । साथै लिभरपुल युनिभर्सिटीमा अध्यापन गर्छन् ।)*

## पाठक मञ्च

### गोर्खाली एकताको ठट्टा

युरोपको नेपालीपत्रमा प्रायः अंकमा आउने गोर्खाली एकता बारेका लेखहरुमा गम्भीर हुनुपर्ने कुराहरु छन् । यस बारेमा गम्भीर भएर चिन्तन मनन र चासो नलिएको देखियो, बरु हासो र ठट्टाको हतियार बनाएको पाइयो । बेलायतमा स्थायी बसोबास गरेका गोर्खाली दाजुभाइहरुमध्ये ५० प्रतिशत बेलायतमा भएका चार संस्था गेसो, बीजीडब्लुएस, युबीजीईए, नेसामध्ये कुनै पनि संस्थामा आबद्ध भएको देखिएन ।

ती गोर्खाली दाजुभाइहरु आफूलाई 'न्युट्रल'मा छु भन्छन् । एउटा गोर्खालीको हैसियतले कुनै पनि संस्थामा आबद्ध छैन भन्नु त शरम लाग्नुपर्ने होइन र ? गोर्खालीको हक, हित र अधिकारका लागि पहल गरिरहेका त्यस्ता संस्थामा आबद्ध भई योगदान गर्नु कुनै गल्ती होला र ? हामी कहाँसम्मका मतलबी रहेछौं छर्लङ्ग भएन र ? ती निःस्वार्थी गोर्खालीहरु पेन्सन बढेमा नेपाल नै फर्किएर बाँकी जीवन नेपालमा बिताउने मनसायमा छन् भने यता बेलायत बसेको ५ वर्ष पुग्नासाथ रातो पासपोर्ट हात पार्ने दाउमा पनि छन् ।

विगतमा जुन जुन संघसंस्थाहरुले केही उपलब्धि हासिल गरे, त्यसमा हामीहरु खुसी हुनु स्वाभाविकै हो । तर ती, 'न्युट्रल' गोर्खालीहरु अर्काले बनाएको घरलाई भत्काउने, खेद्ने र एक अर्का संस्थाको कुरा काट्न पनि छाडेका छैनन् । हिंड्ने गोरुको पुच्छर निमोठ्ने भनेजस्तै माथि उल्लेखित चारै संस्थाहरुले आ-आफ्नो क्षेत्रबाट आ-आफ्नै अनुभव र तरिकाले गोर्खाली मुद्दालाई दबाव दिइराखेकै छन् । तर ती नै संस्थाहरु र त्यसका नेताका नाममा अनावश्यक कुराहरु भैरहेका छन् ।

हामीले आफ्नो दायित्व के हो ? कस्तो भूमिका निर्वाह गर्नुपर्ने हो ? सबै गोर्खाली दाजुभाइहरु कुनै न कुनै संस्थामा आवद्ध भई दिनुहोस् जसले गर्दा सबै गोर्खालीहरु बीच समझदारी र एकता हुन संभव देखिन्छ । सबै 'न्युट्रल' भएर हिंड्दा गोर्खा आन्दोलनलाई एकता र दवाब पुग्दैन । एक जुट भएर साझा अधिकारको लागि लडौं । अनावश्यक विवाद नगरी एकअर्का माथि दोष नथुपारौं । आउँदा दिनहरुमा आन्दोलनलाई कसरी सफल बनाउने, यसबारे हामी सबै गम्भीर हौं ।

● **राम गर्लामी मगर**, रेडिङ

### अधिकारमा एकाधिकार

आजभोलि म बेलायतको साउथ वेल्समा छु । जिन्दगी आनन्ददायी नै छ भन्नु पर्‍यो । झन्नै झन्नै गोबरे किरोको जस्तै नै छ । गोबर लडायो, दुलोभित्र पस्यो । इन्द गुरुङले कहिलेकाही नेपालीपत्रको कटिङ दिएर नेपालीपत्रको खुला चउरसम्म निस्कन्छु । यो चउरमा अहिले गोपाल सिवाकोटी चिन्तनको रोदनक्रन्दन, आक्रोश, सरसल्लाह, गुनासा सबै देख्न पाइन्छ । उनी नेपालमा पनि निकै नामी मान्छे हुन् । गेसोमा त उनको त्यस्तो कुनै कमीकमजोरीको कुरा गर्‍यो भने त त्यहा पैह्रो नै चल्थ्यो । अहिले कस्तो छ को नि ?

एउटा पक्ष भने उनले आफ्ना स्तम्भमा भक्तसिंह पुनलाई पनि सत्तोसराप गाली गरेका रहेछ । पाठक प्रतिक्रियामा फेरि निर्छली भाइ वा बहिनीलाई । ए रात्तै, उनी जस्तो देवता मान्छेलाई के यस्तो भवितव्य आइपर्‍यो त ? अब मारे पदमबहादुरले यी निर्छली जस्ता गोबरे किराहरुलाई । हुन्छ त त्यसरी भन्न उनलाई ? उनको पो सबै खाले अधिकार हुन्छ त । अरुलाई कस्ले दियो त्यस्तरी लेख्ने र बोल्ने अधिकार ? तर खोई के गर्ने मुख थुन्यो .....बाट बोली निस्किहाल्छ । हेर्नुहोस् न नबोलुँ भनेको..... ।

● **नरेन्द्रराज काम्बाङ**
०१६३३४८०८३५